NATIONAL BANKING INSTITUTE
"The Banking Academy Of Nepal"

# नेशनल बैंकिङ्ग ईन्स्टिच्युट लिमिटेडको
# सातौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस कम्पनीको सञ्चालक समितिको मिति २०७२/५/२९ गते बसेको ६८ औं बैठकको निर्णय बमोजिम यस कम्पनीको सातौं वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा निम्न बिषयहरुमा छलफल तथा निर्णय गर्नको लागि बस्ने भएको हुँदा कम्पनीको नियमावलीको नियम १८ (३) अनुसार सबै शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सुचना प्रेषित/प्रकाशित गरिएको छ।

**सभा हुने मिति, स्थान र समय :-**

मिति : २०७२ साल ६ महिना २२ गते शुक्रवार (9th October, 2015)

स्थान : होटल अन्नपूर्ण, (Hotel Annapurna), दरवारमार्ग, काठमाडौ।

समय : बिहान ११:३० बजे

**१. छलफल गर्ने बिषयहरु :-**

**क. सामान्य प्रस्तावः**

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व.२०७१/७२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७१/७२ को वासलात, सोही अवधिको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण र सो सम्बन्धी अनुसूची लगायत वार्षिक आर्थिक विवरण समेत छलफल गरी पारित गर्ने।

(३) सञ्चालक समितिले प्रस्ताव गरे वमोजिम बैंकको चुक्ता पुँजीमा आ.व.२०७१/७२ को कारोवारबाट भएको मुनाफा मध्येबाट शेयरधनीहरुलाई चुक्ता पुँजी रु.३,२७,००,०००।– को १०% दरले हुने जम्मा रु.३२,७०,०००।– नगद लाभाशं वितरण गर्ने।

(४) आ.व.२०७२/७३ को लेखापरीक्षण कार्यका लागि लेखा समितिले सिफारिस गरे बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने। (हाल वहालवाला लेखापरीक्षक श्री नवराज थपलिया एण्ड एशोसियट्स कानुन वमोजिम पुनःनियुक्त हुन योग्य हुनु हुन्छ)।

(५) वर्तमान सञ्चालकहरुमध्ये यो आर्थिक वर्षमा रिक्त सञ्चालक पदमा नियुक्त हुनु भएका रुरल माईक्रोफाइनान्स डेभलपमेन्ट सेन्टरका प्रमुख कार्यकारी अधिकृत श्री ज्योति चन्द्र ओझाज्यू को सञ्चालक समितिबाट गरिएको नियुक्तीलाई अनुमोदन गर्ने।

**ख. विविध।**

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

<u>साधारण सभा सम्बन्धी अन्य जानकारी</u>

(१) शेयरधनी महानुभावहरुको ठेगानामा हुलाक/कुरियरबाट पठाइने बिशेष साधारण सभाको सूचना यस कम्पनीको वेबसाइट www.nbi.com.np मा पनि हेर्न सकिनेछ।

(२) सभामा उपस्थित हुने शेयरधनी महानुभावहरूले कम्पनीको प्रतिनिधित्व गर्ने आधिकारिक पत्र पेश गर्न अनुरोध छ। अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाइने छैन।

(३) शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभास्थलमा सभा हुने दिन ११:०० बजे देखि सभा चालु रहेसम्म खुल्ला रहने छ।

(४) अन्य कुनै जानकारीका लागि कम्पनीको रजिष्टर्ड कार्यालय, नारायणचौर, नक्साल, काठमाण्डौमा सम्पर्क गर्नु हुन अनुरोध छ।

नेशनल बैंकिङ्ग ईन्स्टिच्युट लिमिटेड
छैठौं तल्ला, सेन्ट्रल प्लाजा, नारायणचौर,
नक्साल, काठमाडौ, नेपाल।
www.nbi.com.np